E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल।

प.सं. २०८२/०८३
च. नं.

मिति:२०८३।०२।१९

## विषय: गैर सरकारी संस्थाबाट प्रस्ताव माग गरिएको सूचना ।

प्रस्तुत विषयमा शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत तपसिलका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ अनुसार कानूनबमोजिम दर्ता तथा नवीकरण भएका, सम्बन्धित क्षेत्रमा अनुभव भएका तथा यस मन्त्रालयको मौजुदा सूचीमा सूचीकृत गैर सरकारी संस्थाहरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ।

इच्छुक योग्य गैर सरकारी संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समयभित्र यस मन्त्रालयमा सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।

पुनश्च: कुनै एक संस्थाले तपसिलमा उल्लेखित कार्यक्रममध्ये कुनै एक कार्यक्रमको लागि मात्र प्रस्ताव पेश गर्नसक्ने छ ।

तपसिल:

| क्र.स. | क्रियाकलाप न. | कार्यक्रम | विनियोजित बजेट (रु.लाखमा) | जिल्ला |
|---|---|---|---|---|
| १ | 2.7.13.257 | जलेश्वर न.पा.मा नैतिक शिक्षा सम्बन्धि जनचेतनामूलक सडक नाटक कार्यक्रम | 8 | महोतरी |
| २ | 2.7.13.258 | महोत्तरी जिल्लमा समाजिक संजालको दुस्प्रभाब तथा विकृतिहरु सम्बन्धी सडक नाटक | 10 | महोत्तरी |
| ३ | 2.7.25.420 | जिल्ला महोत्तरीको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | महोत्तरी |
| ४ | 2.7.25.424 | जिल्ला धनुषाको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | धनुषा |
| ५ | 2.7.25.425 | जिल्ला सिरहाको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | सिरहा |
| ६ | 2.7.25.426 | जिल्ला रौतहटको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | रौतहट |

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल।

प.सं. २०८२/०८३
च. नं.

| | | | | |
|---|---|---|---|---|
| ७ | 2.7.25.427 | जिल्ला बाराको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | बारा |
| ८ | 2.7.25.428 | जिल्ला पर्साको कक्षा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | पर्सा |
| ९ | 2.7.25.432 | सामाजिक संजाल दुरुपयोग विरुद्ध सडक नाटक | 9 | सिरहा |
| १० | 2.7.25.433 | विद्यालयका विद्यार्थीहरुलाई सरसफाई सम्बन्धी जागरुकताका लागि विद्यालयमा सरसफाई नाटक | 9 | सर्लाही |
| ११ | 2.7.25.447 | २.७.८.७६ जिल्ला सर्लाहीमा 9-12 मा अध्ययनरत छात्रहरुको लागि लागुपदार्थ दुर्व्यशन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम | 10 | सर्लाही |

**१.२ प्रस्तावसँग पेश गर्नुपर्ने कागजातहरू**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. संस्था नवीकरण प्रमाणपत्र।

३. PAN/VAT दर्ता प्रमाणपत्र, लागू भएमा।

४. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र।

५. पछिल्लो आर्थिक वर्षको अडिट रिपोर्ट।

६. संस्थाको विधान/उद्देश्यमा शिक्षा, स्वास्थ्य, युवा, बालबालिका, लागू पदार्थ नियन्त्रण, कुलत न्यूनीकरण, सचेतना वा सामाजिक विकास सम्बन्धी कार्य समावेश भएको प्रमाण।

७. मन्त्रालयको मौजुदा सूचीमा सूचीकृत भएको प्रमाण।

८. समान प्रकृतिको कार्यक्रम सञ्चालन गरेको अनुभव प्रमाण।

९. प्रस्तावित जनशक्तिको CV तथा योग्यता प्रमाण।

१०. प्राविधिक प्रस्ताव।

११. आर्थिक प्रस्ताव।

१२. कालोसूचीमा नपरेको स्वघोषणा।

१३. हितको द्वन्द्व नभएको स्वघोषणा।

१४. विद्यार्थी सुरक्षा, गोपनीयता र बालमैत्री व्यवहार पालना गर्ने प्रतिबद्धता।

१.३ प्रस्ताव अस्वीकृत हुने अवस्था

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

म्याद नाघी प्राप्त प्रस्ताव, आवश्यक कागजात अपूर्ण भएको प्रस्ताव, बजेट सीमा नाघेको प्रस्ताव, कालोसूचीमा परेको संस्था, झुटा विवरण पेश गरेको संस्था, वा TOR अनुरूप कार्य गर्न नसक्ने प्रस्ताव अस्वीकृत गर्न सकिनेछ।

**२. कार्यक्षेत्रगत शर्त / Terms of Reference — TOR**

**२.१ पृष्ठभूमि**

विद्यालय उमेरका विद्यार्थीहरू किशोरावस्थामा प्रवेश गरिरहेको अवस्था हुने भएकाले उनीहरू peer pressure, गलत संगत, जिज्ञासा, सामाजिक प्रभाव, तनाव, धूम्रपान/मद्यपान/लागू पदार्थको जोखिम, मोबाइल/अनलाइन कुलत र अन्य हानिकारक व्यवहारतर्फ आकर्षित हुन सक्ने जोखिममा रहन्छन्।

मधेश प्रदेशका विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा अध्ययनरत र विद्यालय बाहिर रहेका विद्यार्थी तथा बालबालिकाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा कुलतको असर,सामाजित मर्यादा, नैतिकता,सामाजिक सञ्जालको गलत प्रयोगको प्रभाव, जोखिम पहिचान, बच्ने उपाय, सहयोग माग्ने प्रक्रिया, कानुनी/सामाजिक असर, स्वास्थ्य असर, परिवार तथा शिक्षामा पर्ने प्रभाव र सकारात्मक जीवनशैली सम्बन्धी जानकारी दिन यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

विद्यालय, परिवार र समुदायमा आधारित evidence-based prevention ले बालबालिका तथा युवालाई स्वस्थ र सुरक्षित विकासमा सहयोग गर्न सक्ने हुनु पर्दछ। त्यसैले यो कार्यक्रम डर देखाउने भाषण मात्र नभई जीवन सीप, refusal skill, निर्णय क्षमता, peer pressure व्यवस्थापन र सहयोग प्रणाली चिनाउने सचेतना कार्यक्रमको रूपमा सञ्चालन गर्नुपर्नेछ।

**२.२ कार्यक्रमको उद्देश्य**

१. विद्यार्थीहरूलाई लागू पदार्थ दुर्व्यसन, धूम्रपान, मद्यपान, अनलाइन/मोबाइल कुलत लगायत जोखिमपूर्ण व्यवहारका असरबारे जानकारी दिने।

२. peer pressure, गलत संगत, तनाव, जिज्ञासा र जोखिमपूर्ण वातावरण पहिचान गर्ने सीप विकास गर्ने।

३. "नाईं" भन्न सक्ने क्षमता, सुरक्षित निर्णय, आत्मनियन्त्रण र सकारात्मक जीवनशैलीबारे अभिमुखीकरण गर्ने।

४. लागू पदार्थ दुर्व्यसनले स्वास्थ्य, शिक्षा, परिवार, समाज, कानुनी अवस्था र भविष्यमा पार्ने असरबारे सचेतना दिने।

५. विद्यार्थी, शिक्षक र विद्यालय प्रशासनलाई जोखिम पहिचान तथा सहयोग/परामर्श referral mechanism बारे जानकारी दिने।

६. विद्यालयस्तरमा कुलतविरुद्ध सकारात्मक वातावरण निर्माणमा सहयोग गर्ने।

७. समाजिक संजालको दुस्प्रभाब तथा विकृतिहरु सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

८. नैतिक शिक्षा सम्बन्धि जनचेतनामूलक सडक नाटक कार्यक्रम सञ्चालन गर्ने ।

**२.३ कार्यक्षेत्र**

सेवा प्रदायक गैर सरकारी संस्थाले देहायका कार्यहरू गर्नुपर्नेछः

१. मन्त्रालयसँग प्रारम्भिक बैठक गरी विस्तृत कार्ययोजना पेश गर्ने।

२. छनौट भएका विद्यालयहरूको सूची, मिति, सहभागी संख्या र कार्यक्रम तालिका मन्त्रालयबाट स्वीकृत गराउने।

३. विद्यार्थीहरूका लागि उमेरअनुकूल सचेतनामूलक सामग्री तयार गर्ने।

४. विद्यालय/समुदायमा सचेतना सत्र/सडक नाटक सञ्चालन गर्ने।

उप-सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np



५. विद्यार्थीहरूलाई लागू पदार्थ दुर्व्यसन तथा कुलतको असर, सामाजित मर्यादा, नैतिकता, सामाजिक सञ्जालको गलत प्रयोगको प्रभाव, जोखिम, बच्ने उपाय र सहयोग माग्ने बाटोबारे जानकारी दिने।

६. शिक्षक/विद्यालय सम्पर्क व्यक्तिसँग समन्वय गरी जोखिममा रहेका विद्यार्थीलाई सुरक्षित referral प्रणालीबारे जानकारी गराउने।

७. कार्यक्रम अघि र पछि छोटो pre-test/post-test वा feedback form प्रयोग गर्ने।

८. सहभागी उपस्थिति, विद्यालयगत विवरण, फोटो अभिलेख र प्रतिवेदन तयार गर्ने।

९. अन्तिम कार्यक्रम प्रतिवेदन तथा आर्थिक विवरण मन्त्रालयमा पेश गर्ने।

**२.४ कार्यक्रमको प्रस्तावित मोडालिटी**

कार्यक्रमको प्रकृति: विद्यालयमा आधारित सचेतनामूलक कार्यक्रम

लक्षित समूह: कार्यक्रममा उल्लेखित लाभग्राही

जिल्ला/स्थानीय तह/विद्यालय: कार्यक्रममा उल्लेख भए अनुसार

सहभागी संख्या: प्रति विद्यालय/समुदाय करिब ८० विद्यार्थी/लाभग्रही

कार्यक्रम अवधि: प्रति विद्यालय कम्तीमा २-३ घण्टाको सचेतना सत्र

भाषा: नेपाली, मैथिली वा स्थानीय रूपमा बुझिने भाषा

विधि: प्रस्तुतीकरण, समूह छलफल, प्रश्नोत्तर, role play, case scenario, commitment activity

निषेधित कुरा: कुनै लागू पदार्थको प्रयोग विधि, प्राप्ति स्रोत, मूल्य, सेवन तरिका, वा जोखिमपूर्ण व्यवहार सिकाउने सामग्री प्रयोग गर्न पाइने छैन

**२.५ कार्यक्रमको न्यूनतम विषयवस्तु**

१. लागू पदार्थ दुर्व्यसन तथा कुलत/ समाजिक संजालको दुस्प्रभाब तथा विकृतिहरु सम्बन्धी चेतनामुलक विषयवस्तु/ नैतिक शिक्षा सम्बन्धि जनचेतनामूलक सडक नाटकको माध्यमबाट विषयवस्तुको सरल परिचय।

२. किशोरावस्थामा जोखिम बढ्ने कारणहरू: peer pressure, गलत संगत, तनाव, जिज्ञासा, कमजोर निगरानी, अनलाइन प्रभाव।

३. स्वास्थ्यमा पर्ने असर: शारीरिक, मानसिक, भावनात्मक र व्यवहारगत असर।

४. शिक्षामा पर्ने असर: पढाइ, उपस्थिति, अनुशासन, परीक्षा, भविष्यको अवसर।

५. परिवार र समाजमा पर्ने असर।

६. कानुनी तथा सामाजिक परिणामको सामान्य जानकारी।

७. धूम्रपान, मद्यपान, लागू पदार्थ, online/mobile/gaming कुलत सम्बन्धी जोखिम।

८. "नाई" भन्न सक्ने सीप र peer pressure बाट बच्ने उपाय।

९. राम्रो संगत, खेलकुद, सिर्जनात्मक गतिविधि, लक्ष्य निर्धारण र समय व्यवस्थापन।

१०. जोखिममा परेका साथीलाई कसरी सहयोग गर्ने।

११. सहयोग माग्ने स्थान: शिक्षक, अभिभावक, विद्यालय प्रशासन, स्वास्थ्यकर्मी, परामर्शदाता, प्रहरी/सम्बन्धित निकाय।

१२. विद्यार्थी प्रतिबद्धता: "म कुलतबाट टाढा रहन्छु र साथीलाई पनि सुरक्षित बाटो देखाउँछु।"

**२.६ कार्यक्रम सञ्चालनका सुरक्षा तथा नैतिक मापदण्ड**

१. कार्यक्रम बालमैत्री, डर नदेखाउने, अपमान नगर्ने र गोपनीयता कायम गर्ने शैलीमा सञ्चालन गर्नुपर्नेछ।

२. विद्यार्थीलाई व्यक्तिगत अनुभव खुलाउन दबाब दिन पाइने छैन।

३. कुनै विद्यार्थी जोखिममा देखिएमा सार्वजनिक रूपमा चिनाउने वा लज्जित बनाउने काम गर्न पाइने छैन।

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।

प.सं. २०८२/०८३
च. नं.

४. लागू पदार्थको प्रयोग विधि, प्राप्त गर्ने ठाउँ, सेवन तरिका, "कसरी लुकाउने" जस्ता कुनै सामग्री वा छलफल पूर्ण रूपमा निषेधित हुनेछ।

५. कार्यक्रम prevention-focused हुनुपर्नेछ: बच्ने उपाय, जीवन सीप, सहयोग माग्ने बाटो, र सकारात्मक व्यवहार।

६. फोटो/भिडियो प्रयोग गर्दा विद्यालयको अनुमति र बालबालिकाको गोपनीयता पालना गर्नुपर्नेछ।

७. राजनीतिक, धार्मिक, व्यापारिक वा असम्बन्धित प्रचार गर्न पाइने छैन।

**२.७ सेवा प्रदायक संस्थाको न्यूनतम योग्यता**

१. कानूनबमोजिम दर्ता तथा नवीकरण भएको गैर सरकारी संस्था।

२. शिक्षा, युवा, बालबालिका, स्वास्थ्य, लागू पदार्थ दुर्व्यसन न्यूनीकरण, मानसिक स्वास्थ्य, सामाजिक सचेतना वा विद्यालयस्तरीय कार्यक्रम सञ्चालनमा अनुभव भएको।

३. सरकारी/प्रदेश/स्थानीय तह/विद्यालयसँग कार्यक्रम सञ्चालन गरेको अनुभव भएको।

४. बालमैत्री तथा किशोरावस्था-मैत्री facilitation गर्न सक्ने जनशक्ति भएको।

५. प्राविधिक, प्रशासनिक र आर्थिक कागजात अद्यावधिक भएको।

६. कालोसूचीमा नपरेको।

७. मन्त्रालयको निर्देशन, TOR र सम्झौता शर्त पालना गर्न सक्ने।

**२.८ आवश्यक जनशक्ति**

| पद | न्यूनतम योग्यता/अनुभव | संख्या |
|---|---|---|
| कार्यक्रम संयोजक | शिक्षा/स्वास्थ्य/सामाजिक विकास/युवा कार्यक्रम व्यवस्थापन अनुभव | १ |
| मुख्य सहजकर्ता/Trainer | लागू पदार्थ दुर्व्यसन न्यूनीकरण, किशोरावस्था, स्वास्थ्य शिक्षा वा life-skill training/सामाजिक सञ्जाल प्रयोग सम्बन्धी अनुभव | १ |
| सह-सहजकर्ता | विद्यालय कार्यक्रम, विद्यार्थी समूह सहजीकरण, स्थानीय भाषा लागू पदार्थ दुर्व्यसन न्यूनीकरण, किशोरावस्था, स्वास्थ्य शिक्षा वा life-skill training/सामाजिक सञ्जाल प्रयोग सम्बन्धी अनुभव | १ |
| मनोसामाजिक/परामर्श referral जानकार व्यक्ति | विद्यार्थी जोखिम पहिचान तथा referral बारे आधारभूत ज्ञान भएको | १ |
| प्रशासन/लेखा सहायक | खर्च कागजात, उपस्थिति, बिल/भरपाई र प्रतिवेदन व्यवस्थापन | १ |

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

**२.९ अपेक्षित उपलब्धि**

१. छनौट भएका सामुदायिक विद्यालय/समुदायका विद्यार्थी/लाभग्राहीहरूले लागू पदार्थ दुर्व्यसन तथा कुलतका असरबारे आधारभूत सचेतना प्राप्त गर्ने।

२. विद्यार्थीहरूमा peer pressure बाट बच्ने, "ना" भन्न सक्ने, र सहयोग माग्ने ज्ञान विकास हुने।

३. विद्यालयस्तरमा कुलतविरुद्ध सचेतना र सकारात्मक व्यवहार प्रवर्द्धन हुने।

४. मन्त्रालयलाई विद्यालयगत सहभागी विवरण, कार्यक्रम उपलब्धि, सिकाइ, चुनौती र सिफारिससहित प्रतिवेदन प्राप्त हुने।

५. समाजिक संजालको दुस्प्रभाब तथा विकृतिहरु सम्बन्धी चेतनाको विकास भइ प्रभावकारी प्रयोग गर्न सक्ने/सञ्चालन गर्ने ।

६. नैतिक शिक्षा सम्बन्धि चेतनाको विकास हुने ।

**२.१० बुझाउनुपर्ने विवरणहरु:**

| क्र.सं. | बुझाउनुपर्ने प्रतिफल | समयसीमा |
|---|---|---|
| १ | प्रारम्भिक कार्ययोजना/Inception Plan | सम्झौता भएको ५-७ दिनभित्र |
| २ | विद्यालयगत कार्यक्रम तालिका | कार्यक्रम सुरु हुनु अघि |
| ३ | सचेतना सामग्री/सेसन प्लान | कार्यक्रम सुरु हुनु अघि |
| ४ | विद्यालयगत सहभागी उपस्थिति विवरण | प्रत्येक कार्यक्रमपछि |
| ५ | फोटो अभिलेख तथा कार्यक्रम प्रमाण | प्रत्येक कार्यक्रमपछि |
| ६ | Pre-test/Post-test वा feedback summary | प्रत्येक विद्यालय/ब्याचपछि |
| ७ | प्रगति प्रतिवेदन | मन्त्रालयले तोके अनुसार |
| ८ | अन्तिम प्रतिवेदन | कार्यक्रम सम्पन्न भएको ७ दिनभित्र |
| ९ | खर्च विवरण, बिल/भरपाई, कर कागजात | अन्तिम भुक्तानी अघि |

२.११ कार्यक्रम अवधि

सम्झौता भएको मितिले २५ दिनभित्र सम्पूर्ण कार्यक्रम सम्पन्न गर्नुपर्नेछ। मन्त्रालयले आवश्यकता अनुसार अवधि र कार्यतालिका स्वीकृत गर्न सक्नेछ।

**२.१२ बजेट सीमा**

यस कार्यका लागि अधिकतम बजेट कार्यक्रममा उल्लेख भए अनुसार हुनेछ। प्रस्तावित आर्थिक प्रस्ताव यस मन्त्रालयको स्वीकृत कुल लागत अनुमान सीमाभित्र हुनुपर्नेछ।

प्रस्तावित खर्च शीर्षक

| क्र.सं. | खर्च शीर्षक | रकम |
|---|---|---|
| १. | मुख्य सहजकर्ता/Trainer पारिश्रमिक | रु. |
| २. | सह-सहजकर्ता/Field Mobilizer पारिश्रमिक | रु. |
| ३. | सचेतना सामग्री, प्रिन्ट, स्टेशनरी/मसलन्द | रु. |
| ४. | विद्यार्थी खाजा/पानी | रु. |
| ५. | यातायात/आतेजाते (सहभागि विद्यार्थी) | रु. |
| ६. | हल व्यवस्थापन | रु. |

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

| | | |
|---|---|---|
| ७. | यातायात/आतेजाते (प्रशिक्षक,संयोजक,का.स.,) गरी जम्मा ५ जना | रु. |
| ८. | फोटो/दस्तावेजीकरण | रु. |
| ९. | प्रतिवेदन तयारी तथा छपाइ | रु. |
| १०. | कार्यक्रम संयोजन | रु. |
| ११. | विविध | रु. |
| | जम्मा | रु. |

**२.१३ भुक्तानी व्यवस्था**

अन्तिम प्रतिवेदन, खर्च विवरण, उपस्थिति, फोटो अभिलेख, feedback/pre-post summary र कार्यसम्पन्न स्वीकृतिपछि।

सबै भुक्तानी प्रचलित कानून बमोजिम कर कट्टी गरी बिल/भरपाई तथा प्रमाणित कागजातका आधारमा मात्र हुनेछ।

**२.१४ अनुगमन तथा गुणस्तर नियन्त्रण**

१. मन्त्रालय/सम्बन्धित निकायले कार्यक्रम स्थलमा अनुगमन गर्न सक्नेछ।
२. सेवा प्रदायकले कार्यक्रम सञ्चालनपूर्व विद्यालयसँग समन्वय गर्नुपर्नेछ।
३. कार्यक्रमको विषयवस्तु विद्यार्थीको उमेरअनुकूल र सुरक्षित हुनुपर्नेछ।
४. मन्त्रालयले आवश्यक देखेमा सामग्री संशोधन गर्न निर्देशन दिन सक्नेछ।
५. गुणस्तर सन्तोषजनक नभएमा सुधार गर्न लगाइनेछ वा सम्झौता शर्त अनुसार कारबाही हुन सक्नेछ।

**२.१५ मूल्याङ्कन विधि**

प्रस्ताव मूल्याङ्कन दुई चरणमा गरिनेछ:

चरण १: प्राविधिक योग्यता परीक्षण – Pass/Fail

मापदण्डअवस्था

| | |
|---|---|
| संस्था दर्ता तथा नवीकरण | अनिवार्य |
| PAN/VAT र कर चुक्ता | अनिवार्य |
| अडिट रिपोर्ट | अनिवार्य |
| मौजुदा सूचीमा सूचीकृत | अनिवार्य |
| समान प्रकृतिको अनुभव | अनिवार्य |
| प्रस्तावित जनशक्ति उपयुक्त | अनिवार्य |
| कार्यक्रम कार्ययोजना व्यवहारिक | अनिवार्य |
| बालमैत्री/सुरक्षित सामग्री प्रतिबद्धता | अनिवार्य |
| बजेट सीमाभित्र आर्थिक प्रस्ताव | अनिवार्य |

**चरण २: आर्थिक प्रस्ताव परीक्षण**

TOR पूरा गर्ने प्राविधिक रूपमा योग्य संस्थाहरूमध्ये न्यूनतम रकम प्रस्ताव गर्ने संस्थालाई सम्झौताका लागि सिफारिस गरिनेछ।

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

**३. गैर सरकारी संस्थाले पेश गर्ने प्राविधिक प्रस्तावको ढाँचा**

**३.१ प्रस्ताव पत्र**

श्रीमान् सचिवज्यू,
शिक्षा तथा संस्कृति मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम।

विषय: लागू पदार्थ दुर्व्यसन तथा कुलतको असर सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन/ नैतिक शिक्षा सम्बन्धि जनचेतनामूलक सडक नाटक कार्यक्रम / समाजिक संजालको दुस्प्रभाब तथा विकृतिहरु सम्बन्धी सडक नाटकका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,
त्यस मन्त्रालयबाट प्रकाशित सूचना अनुसार हाम्रो संस्था ............................................................................ ले क्रियाकलाप नं............................को ............................................................................................................................... कार्यक्रम सञ्चालन गर्न इच्छुक भई यो प्राविधिक प्रस्ताव पेश गरेको छ।

हामीले TOR अध्ययन गरेका छौं र सोही अनुसार कार्यक्रम सञ्चालन गर्न सहमत छौं। प्रस्तावमा उल्लेखित विवरण सत्य रहेको, संस्था कालोसूचीमा नपरेको र मन्त्रालयको निर्देशन तथा सम्झौता शर्त पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

संस्थाको नाम:
ठेगाना:
दर्ता नं.:
PAN/VAT नं.:
सम्पर्क व्यक्ति:
फोन:
इमेल:

अधिकृत प्रतिनिधिको नाम:
हस्ताक्षर:
छाप:
मति:

**३.२ संस्थागत विवरण**

१. संस्थाको नाम।
२. दर्ता मिति र दर्ता निकाय।
३. नवीकरण अवस्था।
४. संस्थाको उद्देश्य/कार्य क्षेत्र।
५. हालसम्म सञ्चालन गरिएका समान प्रकृतिका कार्यक्रम।
६. विद्यालय/विद्यार्थी/युवा/स्वास्थ्य/कुलत न्यूनीकरण सम्बन्धी अनुभव।

उप-सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल।
E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

७. उपलब्ध जनशक्ति।

८. कार्यालय र सम्पर्क विवरण।

**३.३ कार्यक्रमको बुझाइ**

संस्थाले यस कार्यक्रममा देखेका मुख्य समस्या, लक्षित विद्यार्थी समूह, जोखिम अवस्था, विद्यालय/समदाय स्तरमा सचेतनाको आवश्यकता र कार्यक्रम सञ्चालनको दृष्टिकोण संक्षेपमा उल्लेख गर्नुपर्नेछ।

**३.४ प्रस्तावित कार्यविधि**

१. मन्त्रालयसँग प्रारम्भिक समन्वय।

२. विद्यालय छनौट/विद्यालयसँग समन्वय।

३. कार्यक्रम सामग्री तयारी।

४. विद्यार्थी सचेतना सत्र सञ्चालन।

५. pre-test/post-test वा feedback collection।

६. प्रतिवेदन तथा कागजात संकलन।

७. अन्तिम प्रतिवेदन पेश।

**३.६ प्रस्तावित जनशक्ति विवरण**

| नाम | पद | योग्यता | अनुभव | जिम्मेवारी |
|---|---|---|---|---|
| | कार्यक्रम संयोजक | | | समग्र व्यवस्थापन |
| | मुख्य सहजकर्ता | | | सत्र सञ्चालन |
| | सह-सहजकर्ता | | | समूह सहजीकरण |
| | लेखा/प्रशासन | | | खर्च/कागजात |

३.८ जोखिम व्यवस्थापन

१. विद्यालयमा परीक्षा/बिदा/कार्यतालिका overlap भए वैकल्पिक मिति मिलाउने।

२. विद्यार्थीको गोपनीयता कायम गर्ने।

३. संवेदनशील प्रश्न आएमा शिक्षक/परामर्शदाता/referral प्रणालीमा जोड्ने।

४. लागू पदार्थ प्रयोग सम्बन्धी जोखिमपूर्ण विवरण नदिने।

५. कार्यक्रमलाई डर, दोषारोपण वा अपमानको शैलीमा नचलाउने।

**३.९ प्रतिवेदन व्यवस्था**

संस्थाले अन्तिम प्रतिवेदनमा देहायका कुरा समावेश गर्नुपर्नेछ:

१. कार्यक्रम सञ्चालन भएका विद्यालय/समुदायकोहरूको विवरण।

२. सहभागी संख्या, कक्षा, लिङ्ग अनुसार विवरण।

३. कार्यक्रम मिति र स्थान।

४. प्रयोग गरिएको सामग्री/सेसन योजना।

५. मुख्य उपलब्धि।

६. विद्यार्थी feedback/pre-post summary।

७. चुनौती र सिकाइ।

८. आगामी सिफारिस।

९. फोटो अभिलेख।

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

प.सं. २०८२/०८३
च. नं.

१०. उपस्थिति विवरण।
११. खर्च विवरण तथा बिल/भरपाई।

**४. आर्थिक प्रस्तावको ढाँचा**

**४.१ आर्थिक प्रस्ताव पत्र**

श्रीमान् सचिवज्यू,
शिक्षा तथा संस्कृति मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम।

**विषय: आर्थिक प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

महोदय,
हाम्रो संस्था ..........................................................................ले क्रियाकलाप नं...............................को .............................................................................................................................. कार्यक्रम सञ्चालन गर्न कुल रु......................... [अंकमा] / अक्षरमा ..........................................................................................
को आर्थिक प्रस्ताव पेश गरेको छ।

उक्त रकममा प्रचलित कर, सेवा शुल्क, कार्यक्रम सञ्चालन, जनशक्ति, सामग्री, यातायात, प्रतिवेदन तथा अन्य आवश्यक खर्च समावेश गरिएको छ।
अधिकृत प्रतिनिधिको नाम:
हस्ताक्षर:
संस्थाको छाप:
मिति:

**४.२ लागत विवरण**

प्रस्तावित खर्च शीर्षक

| क्र.सं. | खर्च शीर्षक | रकम |
|---|---|---|
| १. | मुख्य सहजकर्ता/Trainer पारिश्रमिक | रु. |
| २. | सह-सहजकर्ता/Field Mobilizer पारिश्रमिक | रु. |
| ३. | सचेतना सामग्री, प्रिन्ट, स्टेशनरी/मसलन्द | रु. |
| ४. | विद्यार्थी खाजा/पानी | रु. |
| ५. | हल व्यवस्थापन | रु. |
| ६. | यातायात/स्थलगत आवागमन | रु. |
| ७. | फोटो/दस्तावेजीकरण | रु. |
| ८. | प्रतिवेदन तयारी तथा छपाइ | रु. |
| ९. | कार्यक्रम संयोजन/व्यवस्थापन | रु. |
| १०. | प्रशासनिक/सञ्चार खर्च | रु. |
| | जम्मा | रु. |

उप-सचिव

E-mail: info.moec@madhesh.gov.np
Website: www. moec.madhesh.gov.np

मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल।

प.सं. २०८२/०८३
च. नं.

कुल रकम करसहित: रु.

अक्षरमा:

**५. स्वघोषणा पत्रको ढाँचा**

हामी........................................................................................................................ [संस्थाको नाम]

देहायबमोजिम स्वघोषणा गर्दछौं:

१. संस्था कानूनबमोजिम दर्ता तथा नवीकरण भएको छ।

२. संस्था कालोसूचीमा परेको छैन।

३. प्रस्तावमा उल्लेखित विवरण सत्य छन्।

४. कार्यक्रममा कुनै राजनीतिक, धार्मिक वा व्यापारिक प्रचार गरिने छैन।

५. विद्यार्थीको गोपनीयता, सुरक्षा र मर्यादा कायम गरिनेछ।

६. लागू पदार्थको प्रयोग विधि, प्राप्ति स्रोत, सेवन तरिका वा जोखिमपूर्ण जानकारी प्रदान गरिने छैन।

७. मन्त्रालयको TOR, निर्देशन र सम्झौता शर्त पूर्ण रूपमा पालना गरिनेछ।

८. झुटा विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारबाही स्वीकार गरिनेछ।

उप-सचिव

संस्थाको नाम:

अधिकृत प्रतिनिधि:

हस्ताक्षर:

छाप:

मिति: